# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं

## व्यवसाय संबर्धन सेवा संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८२

व्यवसाय संवर्धन सेवा स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने साझेदार संस्थाले कार्यविधि अनूरुप पालना गर्नुपर्ने मुख्य कार्यहरु:

### परिच्छेद - 4

### प्रशिक्षार्थी उद्यमी छनोट तथा सम्झौता

1. **प्रस्ताव आह्वान गर्ने** : (१) प्रतिष्ठानले प्रशिक्षार्थी उद्यमी छनोट गर्न प्रस्ताव आह्वान गरी कम्तीमा पन्ध्र दिनको अवधि दिई अनुसूची-6 बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

   (२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको सूचनाको बिस्तृत विवरण सहित प्रतिष्ठानको वेवसाइटमा प्रकाशित गर्नु पर्नेछ।

2. **प्रस्ताव पेश गर्नुपर्नेः** (1) यस कार्यविधि बमोजिम प्रशिक्षार्थी उद्यमीको रुपमा सेवा प्राप्त गर्न चाहने व्यक्तिले दफा 11 बमोजिमको सूचनाको अवधि भित्र देहायका कागजात संलग्न गरी कार्ययोजना सहितको व्यवसायिक योजना र प्रतिष्ठानमा अनुसूची-7 बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।
   - (क) नेपाली नागरिकताको प्रमाणपत्र
   - (ख) आफूले गर्न चाहेको उद्यमको नवीन एवम् सिर्जनशील सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)
   - (ग) दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा
   - (घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
   - (ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)
   - (च) (2) उपदफा (1) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

13. **प्रस्ताव मूल्याङ्कनः** दफा 12 बमोजिम पेश हुन आएका प्रस्तावको दफा ८ बमाजिमको समितिले देहायको आधारमा  र अनुसूची-८ बमोजिम  मूल्याङ्कन गर्नुपर्नेछ :-
   - (क) प्रशिक्षार्थी उद्यमीको विवरण र स्थायी ठेगाना
   - (ख) प्रशिक्षार्थी उद्यमीको व्यवसाय
   - (ग) प्रशिक्षार्थी उद्यमीको दक्षता तथा योग्यता,

(घ) प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरण
(ङ) प्रविधिको अवलम्बन,
(च) स्तरोन्नतीको संभावना
(छ) सम्भावित उपभोक्तालाई प्राप्त हुन सक्ने वस्तु वा सेवा।

14. **<u>प्रशिक्षार्थी उद्यमी छनोट</u>** : (1) दफा 12 बमोजिम प्राप्त प्रस्तावको (1) दफा ८ बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव अध्ययन गरी न्यूनतम मापदण्ड पूरा गरेका प्रस्तावको प्रारम्भिक सूची तयार गर्नु पर्नेछ।

(2) उपदफा (1) बमोजिम प्रारम्भिक सूचीमा सूचीकृत प्रस्तावलाई दफा ८ बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई मूल्याङ्कन समितिले प्रशिक्षार्थी उद्यमीका रूपमा छनोटका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) प्रतिष्ठानले उपदफा (२) बमोजिम मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्ताव स्वीकृत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनोट भएको प्रशिक्षार्थी उद्यमीलाई केन्द्रले सोको जानकारी दिई सम्पर्क गर्न आउनको लागि सात दिनको अवधि दिनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम छनोट भएका प्रशिक्षार्थी उद्यमीसँग केन्द्रले प्रस्ताव स्वीकृत भएको मितिले सात दिनभित्र सम्झौता गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम साझेदार संस्था र प्रशिक्षार्थी उद्यमीबीच गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नुपर्नेछ :-

(क) केन्द्रमा भर्ना भई प्रशिक्षार्थी उद्यमीको रूपमा रहने अवधि बढीमा दुई वर्ष,
(ख) प्रशिक्षार्थी उद्यमीले पाउने सेवा तथा उपयोग गर्ने भौतिक सुविधाको विवरण,
(ग) प्रशिक्षार्थीले तिपर्नुपर्ने शुल्क वा छुटसम्बन्धी विवरण,
(घ) आचारसंहिता तथा प्रशिक्षार्थीले पालना गर्नुपर्ने नियमहरूको विवरण,
(ङ) सम्झौता पालना नभएमा हुने दण्ड, सजाय सम्बन्धी व्यवस्था,
(च) सम्झौतामा कार्यान्वयनमा द्विविधा/विवाद उत्पन्न भएमा आपसी सहमतिमा समस्या समाधान गर्नुपर्ने विषय,
(छ) अन्य आवश्यक देखिएका विषय।

१५. **<u>प्रशिक्षार्थी उद्यमीले पालना गर्नुपर्ने आचरण</u>** : केन्द्रमा सेवा लिनका लागि छनोट भएका प्रशिक्षार्थी उद्यमीको आचरण देहायबमोजिम हुनेछ :-

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

**(An ISO 9001:2015 Certified Institution)**

**त्रिपुरेश्वर, काठमाडौं**

(क) प्रशिक्षार्थी उद्यमीले कार्यक्रम अवधिभर केन्द्रबाट निर्धारित समय पालना गर्ने र तोकिएबमोजिम उपस्थित हुने,

(ख) कार्यक्रम र केन्द्रबाट प्राप्त हुने सेवा, सुविधाको प्रस्तावित व्यवसाय सफल बनाउन उपयोग गर्ने,

(ग) प्रशिक्षक, सल्लाहकार, लगानीकर्ता र अन्य नवउद्यमीहरूसँग शिष्ट व्यवहार गर्ने,

(घ) कार्यक्रम अवधि तथा केन्द्रमा राजनीतिक विषयमा कुनै छलफल वा गतिविधि गर्न नहुने,

(ङ) केन्द्रद्वारा उपलब्ध गराइएका पूर्वाधार, सेवा र सुविधाको संरक्षण तथा अधिकतम उपयोग गर्ने,

(च) कार्यक्रममा सहभागी भएपश्चात मनासिव कारणबाहेक बीचमा छोड्न नहुने,

(छ) व्यावसायिक प्रगति, प्रमुख उपलब्धि र व्यवस्थापनमा सामना गरिएका चुनौतीबारे केन्द्र व्यवस्थापनलाई आवश्यकताअनुसार प्रतिवेदन पेश गर्ने,

(ज) कार्यक्रमद्वारा तय गरिएका नियम तथा कार्यतालिकाको पालना गर्ने,

(झ) कार्यक्रम वा केन्द्रको काम कारवाही सम्बन्धमा कुनै सुझाव वा गुनासो भए समितिलाई जानकारी गराउनुपर्ने।